# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

नेपाल सरकारको पूर्ण तथा आंशिक स्वामित्वमा रहेका नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र कृषि विकास बैंक लिमिटेडको विद्यमान अवस्था, चुनौती र भावी रणनीतिका बारेमा छलफल गर्ने उद्देश्यले माननीय अर्थमन्त्रीज्यूको समुपस्थितिमा साउन २१ गते एक कार्यक्रमको आयोजना गरियो । नेपाल सरकार अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, अन्य नियमनकारी निकायहरु, ऋण असूली न्यायाधीकरणका पदाधिकारी, सम्बद्ध संस्थाका सञ्चालक समितिका पदाधिकारी तथा उच्च व्यवस्थापनका पदाधिकारीको सहभागितामा विस्तृत र गहन छलफल गरी आगामी दिनहरुमा उक्त बैंकहरुलाई सबल र सक्षम बनाउँदै समग्र वित्तीय क्षेत्रको प्रतिस्पर्धी संस्थाका रुपमा कसरी उतार्न सकिन्छ भन्ने विषयमा अन्तरक्रिया कार्यक्रम केन्द्रित रहेको थियो ।



कार्यक्रममा मन्तव्य राख्नु हुँदै माननीय अर्थमन्त्री वर्षमान पुनले सरकारी बैंक हुनुका साथै मुलुकभर बृहत् सञ्जाल रहेका कारण पनि यी बैंकहरूको कारोवारले मुलुकको वित्तीय क्षेत्रलाई मार्गदर्शन गर्नुपर्ने धारणा राख्नुभयो । यी बैंकहरू स्वस्थ प्रतिष्पर्धामा अघि बढेमा निजी क्षेत्रका बैंक पनि सोही अनुसार अघि बढ्न बाध्य हुने धारणा राख्नु हुँदै बैंकहरू उत्साहका साथ सुधार योजना सहित अघि बढ्नु पर्ने आवश्यकता औंल्याउनु भयो । व्यवस्थापन पक्ष शक्तिशाली बनाउदै नतिजामुखी कार्य संस्कृति र कार्यशैली सहित अघि बढ्न आग्रह गर्दै उहाँले कार्य प्रक्रियाभन्दा नतिजा प्राप्तिमा जोड दिन सुझाव दिनु भयो । उहाँले ऋण माग्न आएमा मात्र कर्जा प्रवाह गर्ने संस्कृतिमा परिवर्तन गरी बजार सर्भेक्षणका माध्यमबाट लगानी एवम् कर्जा प्रवाह विस्तार गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा गभर्नर डा. युवराज खतिवडाले सबै सरोकारवालाहरू एकै थलोमा भेला भई छलफल गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको जानकारी दिनु हुँदै आर्थिक पहुँच, आर्थिक वृद्धि, स्थायित्व, सुशासन र व्यावसायिकतालाई आधार बनाएर अघि बढ्न बैंकहरूलाई सुझाव दिनु भयो । राष्ट्रिय योजना आयोगका माननीय सदस्य जनकराज शाहले बैंकहरूले व्यावसायिक जोखिम सहित केही मात्रामा भए पनि महत्वाकांक्षी भएर अघि बढ्न सुझाव दिनुहुँदै व्यवस्थापनमा व्यावसायिकता निर्माणका लागि सबै पक्षबाट सहयोग पुग्नु पर्ने धारणा राख्नुभयो ।

अर्थ सचिव कृष्णहरि बाँस्कोटाले मूलतः कार्यक्रममा सम्बन्धित बैंकहरुबाट प्रस्तुत पुँजीयोजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिनुभएको थियो ।

कार्यक्रममा तीन वटै वाणिज्य बैंकको वर्तमान अवस्था, चुनौती र भावी रणनीति विषयमा क्रमशः नेपाल बैंक लिमिटेडको व्यवस्थापन समूहका संयोजक महेश्वरलाल श्रेष्ठ, प्रमुख कार्यकारी अधिकृत द्वय राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका कृष्णप्रसाद शर्मा र कृषि विकास बैंक लिमिटेडका तेजबहादुर बुढाथोकीले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । साथै, तत्तत् बैंकहरूका सञ्चालक समितिका अध्यक्ष एवम् सदस्यहरू, ऋण असुली न्यायाधीकरणका प्रतिनिधि लगायतले सो विषयमा थप प्रकाश पार्नु भएको थियो ।

विश्व बैंकको आर्थिक तथा प्राविधिक सहयोगमा नेपालको वित्तीय क्षेत्र सुधार परियोजना अन्तर्गत सरकारी स्वामित्वमा रहेका वाणिज्य बैंकहरुको वित्तीय तथा व्यवस्थापकीय क्षेत्रमा विभिन्न सुधार कार्यहरु सम्पन्न भएका छन् । परियोजना अन्तर्गत नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको वित्तीय स्थितिमा केही सुधार भए तापनि यी बैंकहरुको पूँजीकोष हालसम्म पनि ऋणात्मक नै रहेको छ ।

नेपाल बैंक लिमिटेड र राष्ट्रिय बाणिज्य बैंक लिमिटेडलाई पर्याप्त पूँजी भएको बैंकको रुपमा परिणत गर्नका लागि आवश्यक पूँजी योजना तथा सोको कार्यान्वयन तालिका नेपाल राष्ट्र बैंकको सञ्चालक समितिको स्वीकृति पश्चात् हाल कार्यान्वयनमा आइसकेको छ । नेपाल बैंक लिमिटेडमा नेपाल सरकारको महत्वपूर्ण हिस्सा रहेको र राष्ट्रिय वाणिज्य बैंक लिमिटेड पूर्ण सरकारी स्वामित्वमा रहेका कारण नेपाल सरकारको तर्फबाट समेत तोकिएको पूँजीकोष पुऱ्याउन नगद थप लगायतका कार्यहरु गर्नुपर्ने योजना बमोजिम नेपाल बैंकमा रहेको आफ्नो स्वामित्व वापत अग्राधिकार सेयरको लागि रकम विनियोजन भइसकेको छ भने राष्ट्रिय वाणिज्य बैंकको लागि नगदै थप गर्नुपर्ने रुकम रु.४ अर्ब ३२ करोड विनियोजन भई बैंकले प्राप्त गरिसकेको छ । कृषि विकास बैंकको हकमा भने सो बैंकले सर्वसाधारणलाई शेयर समेत जारी गरेपश्चात् उक्त बैंकको पूँजीकोष यस बैंकले तोकेको निर्देशनको सीमाभित्र आई सकेको छ ।

२०६९ साउन २१ गते आइतवार

गभर्नरको कार्यालय